स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




ऊनको स्वीटर २०८२ को उत्कृष्ट चलचित्र घोषित भएको छ। यो चलचित्रले राष्ट्रिय चलचित्र पुरस्कार २०८२ मा उत्कृष्ट चलचित्रको उपाधि जित्न सफल भएको हो। शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कार प्रदान गरेका हुन्। नवीन चौहानको निर्देशन रहेको यस चलचित्रमा विपिन कार्की र मिरुना मगरले मुख्य भूमिका निभाएका छन्।

**आजको विचार...**



राष्ट्रको... *(दुई पेजमा)*

भुपेन्द्र थापा 'माधव'



चलचित्र "आई एम जितबहादुर" प्रदर्शनमा आएको छ। शुक्रबार प्रदर्शनअन्तर्गत हास्य कलाकार तथा अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको चलचित्र "आई एम जितबहादुर" शुक्रबार देखि देशभर प्रदर्शनमा आएको हो। चलचित्रको देशका मल्टिप्लेक्स चेनहरूले अग्रिम बुकिङ खुला गरेका छन्। प्रदर्शनअघि बुधबार काठमाडौंमा चलचित्रको भव्य ग्राण्ड प्रिमियर सम्पन्न गरिएको थियो।


❒ वर्ष ३१ ❒ अंक ३२२ ❒ २०८३ असार ६ गते शनिबार 20 June 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### अमेरिकी डुङ्गा आक्रमणमा ३ को मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन,** असार ५/संयुक्त राज्य अमेरिकाले पूर्वी प्रशान्त महासागरमा संदिग्ध लागु-औषध तस्करीको आरोपमा डुङ्गा आक्रमण जारी रहेको बताउदै पछिल्लो आक्रमणमा डुङ्गामा सवार तीन जनाको मृत्यु भएको अधिकारीहरूले बिहीबार बताएका छन् । अमेरिकी सेनाले सेप्टेम्बरको सुरुमा 'साउदर्न स्पियर' अपरेसन सुरु गरेको बताउदै राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याटिन अमेरिकाबाट सञ्चालित लागु-औषध कार्टेलहरूसँग अमेरिका प्रत्यक्ष युद्धमा रहेको बतएका छन् । क्यारेबियन सागर र पूर्वी प्रशान्त महासागरमा भएको अमेरिकी आक्रमणमा दुई सय भन्दा बढी मानिसहरुको मृत्यु भएको जनाइएको छ । अमेरिकी गुप्तचरले उक्त डुङ्गा पूर्वी प्रशान्त माहाशागरमा ज्ञात नार्को-तस्करी मार्गहरूमा पारगमन गरिरहेको र नार्को-तस्करी अपरेसनमा संलग्न रहेको पुष्टि गरेको युएस साउदर्न कमान्ड (साउथकम) ले सामाजिक सञ्जाल एक्स मार्फत बताएका छन् । यो आक्रमण यस हप्ताको दोस्रो आक्रमण थियो भने यस अघि मंगलबार भएको आक्रमणमा एक जना व्यक्तिको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएको जनाइएको छ । स्पष्ट रूपमा संयुक्त राज्य अमेरिकाका लागि तत्काल खतरा पैदा नगर्ने नागरिकहरूलाई लक्षित गरि गरेका निरन्तरका अमेरिकी आक्रमण जन्य घटनाहरु गैरन्यायिक हुने कानुनी विज्ञहरू तथा अधिकार समूहहरूले बताएका छन् ।

# लुम्बिनी प्रदेशको बजेट खर्च कमजोर

## ११ महिनामा ४७ दशमलव २० प्रतिशतमात्रै खर्च

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ५/लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को ११ महिनामा कुल विनियोजित बजेटको ४७ दशमलव २० प्रतिशत मात्रै खर्च गरेको छ । आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता कमजोर देखिएको हो ।

विकास निर्माणका योजना प्रभावकारी रूपमा अघि बढ्न नसक्दा प्रदेश सरकारको समग्र खर्च प्रगति कम भएको हो । अधिकांश मन्त्रालयले विनियोजित बजेटको आधा रकमसमेत खर्च गर्न नसकेको तथ्यांकले देखाएको छ । लुम्बिनी प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार जेठ मसान्तसम्म चालुतर्फ ५० दशमलज ६७ प्रतिशत र पुँजीगततर्फ ४४ दशमलव ९२ प्रतिशत बजेट खर्च भएको छ । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रुपैयाँ र चालुतर्फ १५ अर्ब ४३




करोड ८५ लाख ३५ हजार रुपैयाँ गरी कुल ३८ अर्ब ८१ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

यहाँका १२ मन्त्रालयमध्ये अधिकांश मन्त्रालयले आफ्नो बजेटको ५० प्रतिशत हिस्सासमेत खर्च गर्न सकेका छैनन् । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार केही मन्त्रालयको खर्च अवस्था निकै कमजोर देखिएको छ भने केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो प्रगति गरेका छन् । सबैभन्दा कम खर्च गर्ने मन्त्रालय आन्तरिक मामिला तथा कानुन मन्त्रालय छ । यस मन्त्रालयले जेठ मसान्तसम्म जम्मा ४ करोड ६० लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको १५ दशमलव १८ प्रतिशतमात्रै हो । त्यसपछि युवा तथा खेलकुद मन्त्रालय ले ७ करोड ३६ लाख रुपैयाँ खर्च गरेको छ, जो यस मन्त्रालयका लागि विनियोजित बजेटको १९ दशमलव १८ प्रतिशत हो । आर्थिक मामिला तथा योजना मन्त्रालयले ४८ करोड २० लाख रुपैयाँ खर्च गरी २९ दशमलव ३९ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ११ महिनामा १६ करोड १० लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको ३२ दशमलव १० प्रतिशत हो । सामाजिक विकास मन्त्रालयले १ अर्ब ३१ करोड ७० लाख रुपैयाँ खर्च गर्दै ३६ दशमलव ४१ प्रतिशत प्रगति हासिल गरेको छ । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले ७० करोड ७० लाख रुपैयाँ खर्च गरी ३७ दशमलव १३ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले ६४ करोड ३० लाख रुपैयाँ खर्च गर्दै ४२ दशमलव ७३ प्रतिशत खर्च गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी रकम अर्थात् ४ अर्ब ९८ करोड ८२ लाख रुपैयाँ खर्च गरेको छ, जुन यसको कुल बजेटको ५० दशमलव २६ प्रतिशत हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले १ अर्ब २६ करोड रुपैयाँ खर्च गरी ४७ दशमलव ०६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ । सहरी विकास तथा खानेपानी मन्त्रालयको खर्च २ अर्ब ४२ करोड २२ लाख रुपैयाँ पुगेको छ, जुन ४३ दशमलव १० प्रतिशत हो । त्यसैगरी वन तथा वातावरण मन्त्रालयले १ अर्ब २३ करोड ९६ लाख रुपैयाँ खर्च गर्दै ४८ दशमलव ६६ प्रतिशत प्रगति हासिल गरेको छ । सबैभन्दा बढी प्रतिशत खर्च गर्ने मन्त्रालय भने स्वास्थ्य मन्त्रालय छ । यो मन्त्रालयले ३ अर्ब १० करोड ३१ लाख रुपैयाँ खर्च गरेको छ, जुन उसको कुल बजेटको ६२ दशमलव ७७ प्रतिशत हो ।

## कक्षा १२ को नतिजामा ६४.१३ प्रतिशत परीक्षार्थी उत्तीर्ण



पाल्पा, असार ५/ कक्षा १२ को परीक्षामा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार सार्वजनिक गरेको कक्षा १२ को वार्षिक परीक्षाको नतिजामा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका हुन् । बोर्डका अनुसार नियमिततर्फ ३ लाख ३२ हजार २४१ र आंशिकतर्फ ८५ हजार ९२९ गरी कुल ४ लाख १८ हजार १७० परीक्षार्थी परीक्षामा सहभागी भएका थिए । तीमध्ये नियमिततर्फ २ लाख ३१ हजार ७७० र आंशिकतर्फ ३६ हजार ४२० जना गरी कुल २ लाख ६८ हजार १९० परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन् । यस वर्ष नियमिततर्फ उत्तीर्ण (ग्रेड प्राप्त) प्रतिशत ६९ दशमलव ७५ र आंशिकतर्फ ४२ दशमलव ३८ प्रतिशत रहेको छ । समग्रमा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । सरकारले परीक्षा सकिएको ४५ दिनभित्र नतिजा प्रकाशन गर्न निर्देशन दिएकामा बोर्डले ४० दिनभित्रै प्रकाशन गरेको हो । नतिजामा चित्त नबुझेका परीक्षार्थीले प्रति विषय एक हजार रुपैयाँ शुल्क तिरेर असार ६ गते बिहान ११ बजेदेखि असार १२ गते साँझ ५ बजेसम्म पुनर्योग (रिटोटलिङ) का लागि अनलाइन आवेदन दिन सक्नेछन् ।

## कालीगण्डकीमा बेपत्ता एकको शव फेला

**पाल्पा,** असार ५/बगनासकाली गाउँपालिका ६ मन्द्राङ स्थित कालिगण्डकी नदिमा बेपत्ता भएका शिखरडाडाँका १४ वर्षीय शिशिर गाहाको शव फेला परेको छ । कालीगण्डकी नदीमा पौडी खेल्ने क्रममा डुवेर बेपत्ता भएका उनको शव शुक्रबार फेला परेको हो । उनको सोही स्थानमा शेव फेला परेको जिल्ला प्रहरी कार्यलय पाल्पाका प्रहरी नायक उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए ।

बिहीबार साझाँ नुहाउने क्रममा गहासँगै सोही ठाउँका २४ वर्षीय पुजन गाहाको पनि बेपत्ता भएका छन् । उनको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यहाँ दैनिक जसो नदीमा डुवेर



मानिसले ज्यान गुमाउने गरेका छन् । प्रहरीको तथ्याङ्कलाई हेर्ने हो भने पनि डुवेर धेरैले ज्यान गुमाएका छन् । अन्य घटनाहरुको तुनामा खोलामा डुवेर ज्यान गुमाउनेहरुको संख्या बढी नै छ । हरेक वर्ष गर्मी मौसममा पौडी खेल्न जाने र नदीको सिन लिएर तस्बिर खिच्चेहरु डुबेर ज्यान गुमाउने गरेका छन् । अन्य खोलाहरुमा समेत नागरिकले ज्यान गुमाउनु परेको छ । यहाँको भूतखोला पर्यटकका लागि आकर्षण स्थल भए पनि त्यसको उचित सुरक्षा प्रबन्ध नहुँदा धेरैले ज्यान गुमाउनु परेको छ । उक्त खोलामा आन्तरिक तथा बाह्य्य पर्यटकहरु बढी जाने र उनीहरुले नै अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेकाले सो स्थानमा सुरक्षाका उपायहरु अपनाउन जिल्ला पहरी कार्यालयले स्थानीय सरकारलाई आग्रह समेत गरेको छ । पछिल्ला केही दिन यता भारत, रुपन्देही लगायत तराईका जिल्लाहरुबाट गर्मी छल्न तिनाउ खोलामा पोडी खेल्न पुग्नेहरुको संख्या बढ्दै जाँदा डुवेर मृत्यु हुनेको संख्या समेत बढेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## शरणार्थी दिवसको सार्थकता

आज नेपालसहित विश्वभर विश्व शरणार्थी दिवस मनाइँदै छ । हरेक वर्ष जुन २० का दिन विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिएको हो । सन् १९५१ मा पहिलोपटक शरणार्थीसम्बन्धी घोषणापत्र जारी गरिएको थियो । जारी गरिएको ५० वर्ष पुगेको अवसरमा संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष विश्व शरणार्थी दिवस मनाउने निर्णय गरेसँगै यो दिवस हरेक वर्ष मनाउँदै आइएको छ । आजको दिन आफ्नो घर, भूमि र पहिचान गुमाएर विस्थापित हुन बाध्य भएका लाखौँ मानिसप्रति ऐक्यबद्धता व्यक्त गर्ने अवसर हो । युद्ध, हिंसा, राजनीतिक अस्थिरता, जातीय तथा धार्मिक उत्पीडन, मानवअधिकार उल्लङ्घन र प्राकृतिक विपत्तिका कारण आफ्नो जन्मभूमि छोड्न बाध्य भएका मानिसहरूको पीडा सम्झिने र उनीहरूको अधिकार सुनिश्चित गर्न विश्व समुदायलाई जिम्मेवार बनाउने उद्देश्यले यो दिवस मनाइन्छ । आज विश्वमा शरणार्थीको संख्या निरन्तर बढिरहेको छ । विभिन्न द्वन्द्व, क्षेत्रीय तनाव र जलवायु परिवर्तनका कारण लाखौँ मानिस सुरक्षित आश्रयको खोजीमा छन् । शरणार्थी हुनु कुनै व्यक्तिको रहर होइन ! यो परिस्थितिले थोपरेको बाध्यता हो ।

आफ्नो घर, परिवार, सम्पत्ति, संस्कृति र भविष्यका योजनाहरू छोडेर अपरिचित भूमिमा जीवनयापन गर्नुपर्ने अवस्था आफैंमा ठूलो मानवीय त्रासदी हो । विश्व शरणार्थी दिवसले शरणार्थीलाई केवल सहायता प्राप्त गर्ने पात्रका रूपमा होइन, अधिकार सम्पन्न मानवका रूपमा हेर्न आग्रह गर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा र सम्मानजनक जीवनको अवसर प्रदान गर्नु अन्तर्राष्ट्रिय समुदायको साझा दायित्व हो । शरणार्थीको समस्या कुनै एकराष्ट्रको मात्र चुनौती होइन ! यो विश्वव्यापी मानवीय मुद्दा हो, जसको समाधानका लागि अन्तर्राष्ट्रिय सहकार्य, सहिष्णुता र मानवीय संवेदनशीलता आवश्यक छ । नेपालले पनि विगतमा विभिन्न समुदायका शरणार्थीलाई आश्रय प्रदान गरेर मानवीय मूल्यको उदाहरण प्रस्तुत गरेको छ । नेपालमा अहिले झण्डै २० हजार शरणार्थी रहेको अनुमान छ । ६ दशक भन्दा बढी समयदेखि नेपालमा शरणार्थीको संख्या बढ्न थाले पनि अहिलेसम्म नेपालले शरणार्थी सम्बन्धी राष्ट्र संघीय अभिसन्धीमा हस्ताक्षर पनि गरेको छैन । यो अत्यन्त दुखको कुरा हो । कुनै पनि देश चाहे धनी वा गरिब होस्, सो मुलुकले सार्वभौमसत्ता सम्पन्न, आधारभूत मानव अधिकारको प्रत्याभूति हासिल गर्ने ध्येय लिएको हुन्छ । तर नेपालमा शरणार्थी व्यवस्थापन चुनौतीपूर्ण विषय बन्दै गएको छ । जहाँसम्म शरणार्थीलाई उनीहरुकै देश फर्काउने कि यहीँ व्यवस्थापन गर्ने सवाल छ, त्यो दुई देशबीचको कूटनीतिक सम्बन्धले निर्धारण गर्ने कुरा हो । त्यसका लागि सरकारले अहिले सक्दो पहल गर्न जरुरी छ । यसो गर्न सकियो भने मात्र विश्व शरणार्थी दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

सफल भएपछी सुनाउला
एक चोटि फुल्नको लागि कति चोटि भाचिएको छु भनेर।
*(सागर रुचालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Ruchal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राष्ट्रको नापजाँच कि आत्मसमर्पणको संकेत ?



भुपेन्द्र थापा 'माधव'

*नेपालले आफ्नो नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संसद्बाट सर्वसम्मत रूपमा पारित गरिसकेकेको अवस्था छ । त्यसैले राज्यको आधिकारिक अडानभन्दा फरक व्याख्या वा अस्पष्ट सन्देशले अन्तर्राष्ट्रिय कूटनीतिक तहमा नेपालकै दाबीलाई कमजोर पार्ने जोखिम रहन्छ । यस सन्दर्भमा अर्को बहसको विषय बनेको छ–दुई सार्वभौम राष्ट्रबीचको विवाद समाधानका लागि बेलायत वा अन्य बाह्यशक्तिको सहयोग वा मध्यस्थताको संकेत । इतिहासले देखाउँछ कि नेपाल–भारत सम्बन्धका धेरै जटिल प्रश्नहरू प्रत्यक्ष संवाद, कूटनीतिक वार्ता र द्विपक्षीय संयन्त्रमार्फत समाधान खोज्ने प्रयास हुँदै आएका छन् । बाह्यशक्तिको संलग्नताले कतिपय अवस्थामा समस्या समाधानभन्दा नयाँ शक्ति–स्वार्थहरूको प्रवेश गराउनसक्छ । कुनै पनि देशले अर्को देशसँग सम्बन्ध राख्यो, भ्रमण गऱ्यो वा कूटनीतिक भेटघाट गऱ्यो भन्दैमा त्यसलाई स्वतः राष्ट्रिय स्वाधीनताविरोधी कार्य भन्न मिल्दैन । कूटनीति आफैंमा अन्तर्राष्ट्रिय सम्बन्धको स्वाभाविक प्रक्रिया हो ।*

नेपाल यतिबेला केवल सरकार परिवर्तन, दल परिवर्तन वा नेतृत्व परिवर्तनको बहसमा सीमित छैन । विश्व राजनीति, दक्षिण एसियाली शक्ति सन्तुलन, बदलिँदो भू-राजनीतिक प्रतिस्पर्धा र आन्तरिक राजनीतिक अस्थिरताका बीच नेपाल आफ्नो राष्ट्रिय अस्तित्व, सार्वभौमिकता र विकासको मार्गबारे गम्भीर प्रश्नहरूको सामना गरिरहेको छ । यस्ता बेला संसदमा प्रधानमन्त्रीले नेपाल-भारत सीमाविवादका सम्बन्धमा व्यक्त गरेको धारणा, विशेषतः 'भारतले मात्र नभई कतिपय स्थानमा नेपालले पनि भारतको भूभाग अतिक्रमण गरेको रहेछ' भन्ने आशयको अभिव्यक्तिले स्वाभाविक रूपमा राजनीतिक, कूटनीतिक र राष्ट्रिय बहसलाई तीव्र बनाएको छ । सीमाविवाद कुनै सामान्य प्रशासनिक विषय होइन । यो राष्ट्रको भौगोलिक अखण्डता, ऐतिहासिक अस्तित्व र जनताको राष्ट्रिय आत्मसम्मानसँग जोडिएको विषय हो । नेपालको संविधानले देशको सार्वभौमसत्ता जनतामा निहित रहेको स्पष्ट गरेको छ । यस्तो अवस्थामा कुनै पनि प्रधानमन्त्री वा राज्य नेतृत्वले सीमासम्बन्धी धारणा व्यक्त गर्दा ऐतिहासिक तथ्य, आधिकारिक नक्सा, सन्धि-सम्झौता र राष्ट्रिय सहमतिलाई आधार बनाउनु आवश्यक हुन्छ । अन्यथा त्यसले दीर्घकालीन रूपमा राष्ट्रिय हितलाई कमजोर बनाउन सक्छ । नेपाल र भारतबीचको सीमाविवाद विशेषगरी कालापानी, लिपुलेक, लिम्पियाधुरा क्षेत्रमा केन्द्रित छ । नेपालको आधिकारिक धारणा सुगौली सन्धि, ऐतिहासिक नक्सा र विभिन्न दस्ताबेजमा आधारित छ । नेपालले आफ्नो नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संसद्बाट सर्वसम्मत रूपमा पारित गरिसकेको अवस्था छ । त्यसैले राज्यको आधिकारिक अडानभन्दा फरक व्याख्या वा अस्पष्ट सन्देशले अन्तर्राष्ट्रिय कूटनीतिक तहमा नेपालकै दाबीलाई कमजोर पार्ने जोखिम रहन्छ । यस सन्दर्भमा अर्को बहसको विषय बनेको छ-दुई सार्वभौम राष्ट्रबीचको विवाद समाधानका लागि बेलायत वा अन्य बाह्यशक्तिको सहयोग वा मध्यस्थताको संकेत । इतिहासले देखाउँछ कि नेपाल-भारत सम्बन्धका धेरै जटिल प्रश्नहरू प्रत्यक्ष संवाद, कूटनीतिक वार्ता र द्विपक्षीय संयन्त्रमार्फत समाधान खोज्ने प्रयास हुँदै आएका छन् । बाह्यशक्तिको संलग्नताले कतिपय अवस्थामा समस्या समाधानभन्दा नयाँ शक्ति-स्वार्थहरूको प्रवेश गराउनसक्छ । त्यसैले कुनै पनि बाह्य सहयोग वा सल्लाहलाई राष्ट्रिय हितको कसौटीमा राखेर मूल्यांकन गरिनुपर्छ तर यहाँ एउटा महत्त्वपूर्ण कुरा बुझ्न आवश्यक छ । कुनै पनि देशले अर्को देशसँग सम्बन्ध राख्यो, भ्रमण गऱ्यो वा कूटनीतिक भेटघाट गऱ्यो भन्दैमा त्यसलाई स्वतः राष्ट्रिय स्वाधीनताविरोधी कार्य भन्न मिल्दैन । कूटनीति आफैंमा अन्तर्राष्ट्रिय सम्बन्धको स्वाभाविक प्रक्रिया हो । प्रश्न सम्बन्ध राख्नु होइन, प्रश्न सम्बन्धको उद्देश्य, परिणाम र पारदर्शिताको हो । यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र त्यसका सभापतिको भारत भ्रमणबारे विभिन्न कोणबाट चर्चा भइरहेको छ । रवि लामिछानेको भारत भ्रमण, उच्चस्तरीय भेटघाट र भारतीय पक्षबाट देखाइएको विशेष चासोलाई लिएर राजनीतिक वृत्तमा अनेक व्याख्या भइरहेका छन् तर तथ्य र अनुमानबीचको सीमा छुट्याउन आवश्यक छ । कुनै पनि राजनीतिक दल वा नेताको विदेश भ्रमणलाई केवल शंकाको दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन । त्यस्ता भेटघाटबाट प्राप्त राजनीतिक लाभ, कूटनीतिक उद्देश्य र सार्वजनिक रूपमा उपलब्ध प्रमाणहरूको आधारमा मूल्यांकन गर्नुपर्छ । यद्यपि, नेपालको राजनीतिक इतिहासले विदेशी शक्तिहरूले आन्तरिक राजनीतिमा प्रभाव पार्ने प्रयास गरेको उदाहरणहरू पनि देखाएको छ । यही कारण जनतामा शंका उत्पन्न हुनु अस्वाभाविक होइन । जब कुनै नयाँ राजनीतिक शक्ति 'पुरानो दलालीवादको अन्त्य' गर्ने नारासहित उदाउँछ तर समयसँगै उसको व्यवहार र गतिविधि पुरानै शैलीसँग मिल्न थालेको देखिन्छ, तब प्रश्न उठ्नु स्वाभाविक हुन्छ । यसै प्रसंगमा पूर्वरास्वपा महामन्त्री मुकुल ढकालले सार्वजनिक रूपमा गरेका केही अभिव्यक्तिहरू पनि चर्चा हुने गरेका छन् । उनले पार्टीभित्र बाह्यप्रभाव, शक्ति केन्द्रहरूसँगको सम्बन्ध र वैचारिक विचलनबारे विभिन्न आरोप सार्वजनिक गरेका थिए तर लोकतान्त्रिक समाजमा कुनै व्यक्तिको आरोपमात्र सत्यको अन्तिम प्रमाण हुँदैन । त्यसलाई पुष्टि वा खण्डन गर्ने आधार तथ्य, प्रमाण र घटनाक्रमले निर्माण गर्छन् । आज देखिएका केही राजनीतिक व्यवहार र विगतमा लगाइएका आरोपबीच समानता देख्न खोज्नेहरू छन् तर यस्ता विषयमा निष्कर्षमा पुग्न पर्याप्त प्रमाण आवश्यक हुन्छ । अन्यथा विश्लेषण तथ्यभन्दा बढी अनुमानमा आधारित हुनसक्छ । तथापि, राजनीतिक दलहरूले आफ्ना गतिविधि, वित्तीय स्रोत, विदेश सम्बन्ध र निर्णय प्रक्रियामा अधिक पारदर्शिता अपनाउन सके यस्ता शंकाहरू स्वतः कम हुँदै जान्छन् । नेपालको मूल समस्या भने कुनै एक दल, एक नेतावा एक घटनामा मात्र सीमित छैन । २००७ सालको परिवर्तन, २०४६ को जनआन्दोलन, २०६२/०६३ को आन्दोलन र गणतन्त्र स्थापनापछि पनि नेपाली समाजले अपेक्षित राजनीतिक संस्कार विकास गर्न सकेको छैन । व्यवस्था परिवर्तन भए पनि शासन शैली, शक्ति संरचना र राजनीतिक संस्कृति धेरै हदसम्म पुरानै ढाँचामा कायम रह्यो । दलालीवाद, चाकडीवाद र अवसरवादको जरा केवल राजनीतिक दलहरूमा मात्र छैन, यो राज्य संरचना, प्रशासन, व्यापारिक स्वार्थ समूह र सामाजिक मानसिकतासम्म फैलिएको समस्या हो । जब राजनीतिक सफलता योग्यता, दृष्टि र जनसेवाभन्दा पहुँच, गुट र बाह्य समर्थनमा निर्भर हुनथाल्छ, तब राष्ट्रिय स्वाभिमान कमजोर हुन थाल्छ । यही कारण नयाँ नेतृत्व आउँदा पनि पुरानो संस्कार पुनः दोहोरिने गरेको देखिन्छ । दक्षिण एसिया अहिले नयाँ भू-राजनीतिक मोडमा उभिएको छ । भारत विश्वशक्ति बन्ने यात्रामा छ । चीन आफ्नो प्रभाव विस्तार गरिरहेको छ । अमेरिका, युरोप र अन्य शक्तिकेन्द्रहरू पनि यस क्षेत्रमा सक्रिय छन् । यस्तो अवस्थामा नेपाल जस्तो भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि सबैभन्दा ठूलो चुनौती सन्तुलित, स्वतन्त्र र राष्ट्रिय हितमा आधारित विदेश नीति निर्माण गर्नु हो ।

**नेपालको अस्तित्व र समृद्धिको आधार के हुनसक्छ त ?**

पहिलो, राष्ट्रिय एकता : दल, क्षेत्र, जाति वा विचारभन्दा माथि उठेर राष्ट्रिय हितमा साझा सहमति निर्माण गर्न सक्नुपर्छ । सीमा, पानी, प्राकृतिक स्रोत, विदेश नीति र राष्ट्रिय सुरक्षा जस्ता विषय दलगत विवादको विषय बन्नु हुँदैन । दोस्रो, उत्पादनमुखी अर्थतन्त्र : नेपालले आयातमा आधारित अर्थतन्त्रबाट उत्पादनमा आधारित अर्थतन्त्रतर्फ रूपान्तरण गर्नुपर्छ । कृषि आधुनिकीकरण, जलविद्युत, पर्यटन, सूचनाप्रविधि र स्थानीय उद्योगको विकास नै आर्थिक स्वाधीनताको आधार हो । तेस्रो, सुशासन र संस्थागत सुधार : व्यक्तिनिर्भर राजनीति होइन, संस्थानिर्भर शासन प्रणाली निर्माण गर्न आवश्यक छ । कानुनी शासन, पारदर्शिता र जवाफदेहिताले मात्र भ्रष्टाचार र दलालीवाद नियन्त्रण गर्नसक्छ । चौथो, सन्तुलित कूटनीति : नेपालले न भारतविरोधी नीति लिन सक्छ न चीनविरोधी न पश्चिमवरोधी । नेपालको हित सबैसँग मित्रता र कसैसँग परनिर्भरता नराख्ने नीतिमा छ । पाँचौं, राष्ट्रिय आत्मविश्वास : नेपालले आफ्नो इतिहास, संस्कृति, भौगोलिक विशिष्टता र जनशक्तिमाथि विश्वास गर्नुपर्छ । आत्मविश्वासविहीन राष्ट्र सधैं बाह्यप्रभावको शिकार बन्ने खतरा रहन्छ । अन्ततः नेपालको समस्या कुनै एक प्रधानमन्त्री, एक दल वा एक नेताको मात्र होइन । यो राष्ट्र निर्माणको अधुरो यात्रासँग सम्बन्धित प्रश्न हो । सीमाविवाद, विदेशी प्रभाव, राजनीतिक विचलन र आर्थिक परनिर्भरताका चुनौती वास्तविक हुन् तर तिनको समाधान भावनात्मक नारामा होइन, तथ्यमा आधारित राष्ट्रिय सहमति, सक्षम नेतृत्व, सुशासन र आत्मनिर्भर विकासको मार्गमा छ । नेपालको भविष्य सुरक्षित हुने आधार राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक उत्तरदायित्वको संयोजनमा छ । यदि हामीले राष्ट्रिय हितलाई दलगत हितभन्दा माथि राख्न सक्यौं भने नेपाल केवल आफ्नो अस्तित्व जोगाउने राष्ट्रमात्र होइन, दक्षिण एसियामा सम्मानित, समृद्ध र आत्मनिर्भर राष्ट्रका रूपमा स्थापित हुनसक्छ । यही नै आजको आवश्यकता हो, यही नै समाधानको मियो हो ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : ऋण दिनबाट बच्नुहोस। प्रतियोगी विद्यार्थीहरूलाई दिन संघर्षपूर्ण रहनेछ। | **तुला** : साझेदारी व्यापारबाट लाभ मिल्नेछ। बौद्धिक क्षेत्रमा विकास हुनेछ। |
| **वृष** : जीवन साथीबाट उपहार मिल्न सक्छ। साझेदारी व्यापारमा लाभ हुनेछ। | **वृश्चिक** : मान सम्मान बढ्नेछ। निजी कार्यको लागि दौडधुप धेरै रहनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा अनुमानितभन्दा धेरै समय लाग्नेछ। कसैसँग झुठो वाचा नगरौँ। | **धनु** : प्रियजनहरूबाट उपहार पाएर खुसी मिल्नेछ। यात्रा सुखमय रहनेछ। |
| **कर्कट** : अतिरिक्त जिम्मेवारी मिल्नेछ। राजनीतिक क्षेत्रमा कामको चर्चा हुनेछ। | **मकर** : कलाको क्षेत्रमा सफलता मिल्नेछ। पारिवारिक मनमुटाव रहनेछ। |
| **सिंह** : भवन निर्माण सम्बन्धी कार्यले लाभ दिनेछ। आध्यात्मिक क्षेत्रमा रुचि बढ्नेछ। | **कुम्भ** : कार्यक्षेत्रमा प्रभाव बढ्नेछ। सहकर्मीहरूले राम्रो साथ दिनेछन्। |
| **कन्या** :कार्यक्षेत्रमा हतारमा कुनै निर्णय नलिनुहोला।स्वास्थ्यलाइ लिएर सचेत रहनुहोस्। | **मीन** : इष्टमित्रसँगको मनमुटाव सुल्झिनेछ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ। |

# साहित्य दर्पण

निबन्ध — खिमानन्द पोखरेल

## मायाँ नेपालको कुरा अमेरिकाको

नेपाल र अमेरिका विचको सम्वन्ध पुरोनो सम्वन्ध हो । पुस्तौ पुस्ता देखि चल्दै आईपहेको यो दिगो सम्वन्ध आगामी दिनहरूमा समेत अटूटरूपले अनवरत चलिरहने विश्वाँस लिन सकिन्छ । हाम्रो देश नेपालको विकास सम्बन्धि कुराको चर्चा गर्नु परेमा भने जस्तो चर्चा र भने जस्तो विकासका कुराहरू गर्न नसकियला तर पनि प्राकृतिक सुन्दरताको दृष्टिकोणले बोल्नु पर्दा नेपाल जस्तो अत्यन्त मनोरम देश विश्वमा सायदै कम होलान् । यो देश जति सुन्दर छ त्यति रमणिय पनि छ । यो देशमा बाहिरी मुलुका मानिसहरू यहाँको सौन्दर्य अवलोकन गर्न अत्यधिक मात्रामा आउने गरेका प्रमाणहरू हामीसँग धेरै छन् । यहा'को प्राकृतिक वातावरण नै लोभलाग्दो छ । त्यसैले पनि कतिपय विकसित राष्ट्रका धनाड्य व्यक्तिहरू सर्वप्रथम नेपाल घुम्ने ईच्छा प्रकट गर्छन् । नेपाललाई माया' गर्ने विदेशी धनाढ्त्य व्यक्तिहरू यहा' आएर महिनौ दिन सम्म बसी यहाँको सांस्कृति रहन सहन बानी व्यवहारको परिचय बोकी आफ्नो देशमा लैजाने गरेका कुरालाई कदापी विर्सन सकिँदैन । एउटा देशको संस्कृति अर्को देशमा लगेर प्रचार प्रसार गर्ने कुराले नेपाल र नेपालीको छविलाई अवश्य नै ऊँचो बनाई दिएको छ भन्ने कुरा किमार्थ नकार्न सकिँदैन । नेपाल देश क्षेत्रफलको हिसाबले सानो देखिएता पनि यसले बोकेको सांस्कृतिक पहिचानका बारेमा कुरागर्नु पर्दा यो राष्ट्र विश्वकै महान, सम्पदाको धनी राष्ट्र हो भनेर भन्न सकिन्छ । अझ वास्तविक रूपमा खुलेरै भन्ने नै हो भने यो देशको शान भन्नु नै सर्बोच्च सिखर सगरमाथाको ऊँचाई हो । यसरी हामीलाई विश्वको सर्बोत्तम उँचाईमा रहेको हिऊँ नै हिऊँले भरिएको यो सेतो पहाडह्ट र यस्तै अनेको गाथा बोकेका अनगिन्ति चुचुराहरूले समेत हाम्रो गौरव गाथालाई चिनाउन पछाडह्टी पारेका छैनन् । नेपालीको गौरव भन्नु नै सगरमाथाको उँचाई हो । सगरमाथा यो देशको शिरको टोपी हो । यही सगरमाथाको चुचुरो बाट नै हामी विश्वमा चिनीन सफल भएका छौ । हामी हाम्रो पहिचानबाट जसरी परिचित हुन चहान्छौ त्यसरी नै सीता, बुध्द , भृकुटि र बलभद्र कुँवर जस्ता नैतिकवान विरताको आदर्श बोकेका व्यक्तिहरूद्वारा प्रदत्त सार्थक उपदेशहरूले नै हामी महान बनेका छौ । हाम्रा यि विभूतिहरूका अविस्मरणीय कार्यहरूको हामी सदैव प्रशंसा गर्छौं । यति मात्र नभएर हामी यि आदर्श पुरूषहरूका प्रशंसक पनि हौ । नेपाललाई चिनाउँने यस्ता अमर ताराहरूका अत्यन्तोपयोगी सत्कार्यले सम्पूर्ण नेपालीका विचारहरूलाई एक सुत्रमा बाँध्ने काम गरेको छ । राजनितिक मामलामा हामीहरू फरक फरक धारमा विभाजित भएता पनि देश निर्माण गर्ने कार्यमा हामी सदैव एक ढिक्का भएर लाग्नु पर्छ भन्ने कुरालाई हामी कदापी बिर्सिन हुँदैन । यि र यस्त कुरामा हामी सदैव चनाखो रहनै पर्छ । विश्वको उच्च शिखर सगरमाथा नेपाल र नेपालीहरूको मात्र नभएर संम्पूर्ण विश्वका प्राणि जगतको साझा संम्पति पनि हो । हाम्रो सगरमाथाले नेपाल र नेपलीलाई सहज रूपले चिनाउन सकेको छ । यसकै सान र मानले गर्दा विश्वमा हाम्रो चिनारीले फैलिने मौक्ता पाएको छ । यसरी हामीले आफ्नो सान र मानको बारेमा कुरा गर्न पाउँनु हाम्रो घमण्ड होइन भन्ने कुरालाई हामीले बुझेका पनि छौ । सगरमाथा हाम्रो नेपाल र नेपालीहरूको प्राकृतिक प्रदत्त हाम्रै उपहार हो । अमेरिकाको आर्थिक निति बलियों छ त्यसैले त यहाँका मानिस सम्पन्नसाली बनेकाछन् उनिहरूमा रोजह्टी रोटीको समस्या विल्कुलै छैन । आफू सम्पन्नसाली भए पछि अरूले के गर्छ कसो गर्छ भन्ने कुराको सोध खोज र चियों चर्चा समेत यिनीहरू गर्दा रहेनछन् । यहा' कसैले कसैको खुट्टा तान्ने प्रवृत्ति नै छैन । अमेरिकनहरू महान विचारका धनि पनि हुन् जस्तो लाग्छ किनभने यिनीहरू भन्छन् "आफ्नो कारणले अर्कोलाई कुनै किसिमको हानी नोक्सानी नहोस् "यस्ता कुरामा यिनीहरू धेरै लेखाजोखा गर्दारहेथन् । यिनीहरूको मनमा यस्तै यस्तै कुरा मात्र खेल्दो रहेछ । अमेरिकनहरूमा समाजसेवी भावना भएका व्यक्ति पनि हुँदा रहेछन् । अहिले मलाई यतिखेर अमेरिकाको धेरै ठाऊँहरूमा घुम्ने मौक्त्ता मिल्यो । मलाई यो मौक्त्ता र अवसरको चाँजो पाँजो मिलाई मेरो अमेरिका भ्रमणको सम्पूर्ण तर्जुमा मिलाई दिने मेरी प्यारी छोरी कल्पना पोखरेल र आदरणीय ज्वाई डा.प्रितम न्यौपाने प्रति सदा सर्वदा कृत कृत रहनेछु । यो मेरो लागि खुसी कै कुरा हो भनेर मैले यतिखेर बोल्नै पर्छ । मैले गरी राखेको यो अमेरिकी भ्रमण मेरो लागि सार्थक उपलब्धि हुनेछ भन्ने मैले ठानेको छु । हाम्रो लागि अमेरिकाको भ्रमण भन्नु नै विदेशी भ्रमण हो । तेस्तै नेपाल भ्रमण गर्नु भनेको पनि अमेरिकनहरूको लागि विदेशी भ्रमण नै हो । हाम्रो विदेश भ्रमणबाट हामीले यहाँका असल कुराहरू टपक्क टिप्न सकेर आफ्नो देशमा लैजान मात्र सकियो भने पनि हामीले गरेको विदेशी भ्रमणको सार्थकता ठहरिने छ । यदि यसो गर्न नसकिएको खण्डमा यस्को कुनै पनि अस्तित्व र औचित्य रहने छैन । मलाई के लाग्छ भने हाम्रो देश नेपाल प्राकृतिक मनोरमले भरिएकी आफ्नो सुन्दरता प्रस्तुत गर्न सक्ने क्षमतावान विश्व सुन्दरी हुन् । यस्तो अपार प्राकृतिक छटाले भरिएको देश विश्वमा सायद कम नै होलान् भन्ने मेरो बुझाई हो । पक्कै पनि यो मेरो बुझाई र अड्कल सार्थक बुझाईको अन्तर्गत भित्रै नै पर्छ जस्तो लाग्छ । मलाई भर्खरै हिन्दीमा एउटा उखानको संम्झना आयो "भगवान देता है तो छप्पर फाडह्टके देता है" मेरो ख्यालमा मलाई पनि यतिखेर यो कुरा सही जस्तो लाग्यो । किन हो कुन्नी मलाई मेरो देश विश्वकै सुन्दर देश मध्यमा पर्ने एउटा अति रमणिय र आकर्षक देश हो जस्तो लागीरहेको छ । सुन्दरताको आकर्षक पक्ष जहा' पनि लागू हुँदो रहेछ । मान्छेमा होस् अथवा प्रकृतिमा । जस्ले जे भने पनि हाम्रो देश नेपाल प्राकृतिक सुन्दरता भित्र पर्ने अत्यन्त आकर्षक र सुन्दर देशहरू मध्येको एउटा देश हो । प्रकृतिक छटाले भरिपूर्ण यही देशको सुन्दरतामा छचल्किन पाउँदा यो मनमा कता हो कता खुसीका छालहरू उद्वेलित हुन पुग्छन् । यो देशको माटो मुठ्ठीमा राख्दै प्राण विसर्जन गर्न पाईयोस् भनि कसम खान मन लाग्छ । यो सुन्दरता तिन करोडह्ट नेपालीको नजरमा पर्ने सुन्दरताको सान हो । अमेरिका विश्वको धनि राष्ट्र मध्ये पर्ने एक शक्तिशाली राष्ट्र पनि हो यसमा कसैको दुईमत नै छैन । यहा' देखिएका विकासका कुराहरू गर्नु पर्दा हामीले भने जति प्रशंसा गर्न न सकौला त्यो कुराको पाटो बेग्लै हुन सक्छ तर हाम्रो देश नेपालको सुन्दरता पक्षको बारेमा कुरा गर्नु पर्यो भने हामी अमेरिका भन्दा धेरै माथि पर्छौ जस्तो लाग्छ । यहा' प्रकृतिक सुन्दरता छैन तर धन बल बुद्धि बिवेक कै आडमा कृत्रिम सुन्दरताको आनन्द भनेजति लिन पाईन्छ । मेरो विचारमा प्रकृतिक सुन्दरतामा रम्न पाउँनु र कृत्रिम सुन्दरतामा मन रमाउँन चाहनुको आनन्द बेग्लै हुन्छ जस्तो लाग्छ । हो हामीसँग आफ्नो देश विकाश गर्नका लागि हाम्रो आफ्नै साधन र श्रोत छैन होला तर देश विकास गर्ने मामलामा ईमान्दार भएर हामी संमपूर्ण नेपालीले कम्नर कसेर अगाडि बढ्ने प्रण गर्न सक्यौ भने असम्भव भन्ने कुरो नै सम्भवमा परिणत हुँदो रहेछ । अरूको अगाडि हामीले विकासका कुरा गरेर देखाईदिन सक्ने संकल्प गर्न सक्नु पर्छ । देश विकाशमा समर्पण हुन सक्ने मनहरू सल्वलाउन सक्नु पर्छ । देश विकाश खातिर प्राण न्योछावर गर्न सक्नु पर्छ । हामी आृनो तन मन र बुध्दि बिवेक लगाउन सक्नु पर्छ । हाम्रा बिश्वाँशिला ओंठहरू फर्फराउँन सक्नु पर्छ । हिम्मतिला मनहरू देशको माटोले कसम खाँदै कुँद्नने गरेको देख्न सक्नु पर्छ । प्रत्येक पाईला पाईलामा विकासका शंखनादहरू गुन्जिन सक्नु पर्छ । यस्ता जोस र हिम्मतका कुराहरू कति गरिए र लेखिए होलान् तर यि सव अनर्थ बने र बेकारका काम नलाग्ने रक्षानमा फ्याँकिन पुगे । आफ्नो देशको बारेमा कसैले अनर्गल अहितका कुरा प्रचार गर्दा यौटा राष्ट्र भक्त नेपालीको मन कुनै हालतमा पनि सम्हालिन सक्दैन । छातिमा हात राख्दै ऊ मनग्य सँग रूने प्रयास चाही सिधै गरेको हुन्छ । त्यसै गरी आफ्नो देशको विकास गर्नु पर्छ भन्ने सन्दर्भमा कुरा गर्दा हामी अरूको भरमा नभएर आफ्नै बलबूताले आफ्नै सिप मिहेनत र बिचारले देशलाई समुन्नतको अग्रदिसा तर्फ आफै लौजान पनि सक्छौं ।यस्तो महान कार्यमा हामी सम्पूर्ण नेपाली एकजुट भएर लाग्न सक्यौ भने यहा' कुनै किसिमको दु:ख कष्ट र झंझटको महसूस नै हुन पाउँदैन । हामी कुरा धेरै गर्छौं काम थोरै गर्छौं । त्यसैले पनि हामी पछाडह्टी परेका हौ भन्ने कुरालाई मनन गर्दै यस्ता तुच्छ विचारलाई अन्त्य गर्ने सबैले प्रण गर्न सक्यौ भने हामी यो हालको दलदलबाट अवश्य नै माथि उठ्न सक्नेछौ यसमा कुनै दुई मत नै छैन । जब सम्म हामी हाम्रो मस्तिष्कबाट हाम्रा आफ्नै कमजह्टोरीलाई हटाउन सक्दैनौ तब सम्म यहाँ केही असल कार्य हुने जस्तो लाग्दैन । हाम्रो विचार साँगुरो हुन नै हाम्रो प्रमुख कमजह्टोरी हो । हामीमा के कसरी यस किसिमको कमी हुन पुग्यो त भन्ने तर्फ कहिले पनि हाम्रो ध्यान गएन । हो यही नै हो हाम्रो कमजह्टोरी । हामीमा अर्कोले दिएर मात्र खान पाईन्छ भन्ने कुराको सोच हाम्रै मस्तिष्कमा अझसम्म नै विध्यमान छ । एउटा सानों बालक आफूले नसक्दा सम्म अरूले खुवाई दिएको खाना खान्छ तर ऊ सक्षम भएपछि आफै खान्छ कसैले खुवाई दिनु पर्दैन उसलाई । हामी त एउटा सानो बालक जस्तो पनि हुन सकेनौ । यसमा हामीले पश्चाताप गर्नै पर्छ । दोही कसैले देशको कानून हातमा लिएर उदण्डता प्रदर्शन नगरौ । मर्यादित बनौ । सभ्य बनौ र देशको कानून कुनै व्यक्ति भन्दा माथि हुनै सक्दैन भन्दै सम्पूर्ण नेपालीले मर्यादापूर्वक यो देशको कानून पालना गरौ ।

*-समकालीन साहित्य डटकम*

छोटोकथा — तेजराज दाहाल

## सबैको साझाघर

*सरकारी रेखाङ्कनले रूख कटान गर्ने निर्णय सुनायो । रूखको फेदमा चौतारोमा सडक ठेकेदारले सडक-सीमाको चिह्न लगाए । बरको रूख काटिने निर्णयको गाउँलेहरूले विरोध गरे । स्थानीयहरू मिलेर वडा कार्यालय र नगरपालिकामा निवेदन गरे, प्रतिनिधिमण्डल पठाए । तर पनि बरको रूख जोगाउन सकिने भएन । सडक रेखाङ्कन र सीमाङ्कनको निर्णय परिवर्तन गराउन सकिएन । यता चौतारामा सूचना टाँसिएको र मानिसहरूको चहलपहल बढेको देखेपछि बरको रूखमा बस्ने चराहरू पनि चासो राखेर हेर्न थालेका थिए । सिम्रही गाउँमा शमसेरसिंह नामका एकजना भूपू भारतीय लाहुरे पनि थिए । उनी भारतीय फौजमा कार्यरत रहँदा देहरादूनको टिग्री-गढवाल क्षेत्रमा तीन वर्ष पंक्षी संरक्षण विभागमा खटिएका थिए । पंक्षी संरक्षण विज्ञहरूसँगको संगतमा त्यहाँ रहँदा उनले चराहरूसँग संवाद गर्ने केही विधिहरू र चराका भिन्न-भिन्न आवाज सुनेर त्यसको अर्थ लगाउन सक्ने ज्ञान हासिल गरेका थिए । बाटो छेउको बरको रूख काटिने नै भएपछि उनले चराहरूको बिचल्ली नहोस्, बरु बेलैमा अरूतिर सरेर राम्ररी बसुन् भन्ने सोचले काग, सेता बकुल्ला, सुगा, सारौं र लाटो कोसेराहरूलाई रूख काटिन लागेको कुरा सुनाइदिए ।*

उदयपुर जिल्लाको कटारीभन्दा केही पश्चिम सिम्रही गाउँमा मदन भण्डारी लोकमार्गको छेउमा एउटा ठूलो बूढो बरको रूख उभिएको छ । त्यस रूखको छेउबाट भित्री गाउँतिर जाने कच्ची सडक लोकमार्गमा जोडिएको छ । रूखको छहारीमा पुरानो एउटा चौतारो छ, अनि छेउमा चिया खाजाका केही साना टहरा पसलहरू छन् । वरपरका घरधुरीका बासिन्दा, गाउँबाट लोकमार्गमा सवारी चढ्न आउनेहरू, सामान लिएर आउने-जानेहरूका लागि त्यस बरको रूख र चौतारो सधैं छहारी बन्दै आएको छ । पुरानो चौतारोसहितको उक्त बरको रूखले त्यो क्षेत्रको जीवन्त इतिहास बोकेको छ । वृद्धदेखि बालक, महिला, बटुवा, मजदूर र बेरोजगारसम्म सबैलाई समान रूपमा आश्रय दिने यो स्थान गाउँको अघोषित केन्द्र बनेको छ । गर्मीका दिनहरूमा त त्यहाँ अझ भीड लाग्ने गर्छ । त्यहाँ गाउँका बच्चाहरू खेल्नेदेखि कुकुर, बिरालो, गाईवस्तुसम्म रूखको छहारीमा बसेर विश्राम लिन्छन् । कतिपय मोटरसाइकल यात्रीदेखि निजी गाडीका सवारहरू पनि आफ्ना सवारी साधन रोकेर केही छिन शीतलता लिई जान्छन् ।

रूखमा धेरै जातका चराहरूको बासस्थान छ । गुँड बनाएर पुस्तौंदेखि काग, सेता बकुल्ला, सारौं ( रुप्पी), लाटो कोसेरो र सुगाहरू बसेका छन् । दिनरातको भिन्न समयमा मौसमअनुसार आउने-जाने चराहरूको आवाजले रूख सधैं जीवित जस्तो लाग्छ । बरको फेदमा ठूला जराबीच सेतो-कालो शिला चेपिएको छ । त्यस शिलालाई स्थानीय बासिन्दाहरू देवीको रूपमा पूजा गर्ने गर्दछन् । त्यहाँ सिन्दूर, अबीर, फूल चढाइएको देखिन्छ । स्थानीय वृद्धहरू भन्छन्, "रातको ठीक १२ बजे त्यहाँ कुनै महिलाको छाया आकृति देखिन्छ । उनैले चौतारो वरपर बढारेको देखिन्छ ।" नभन्दै, हरेक दिन बिहानै हेर्दा रूखको वरिपरि र चौतारो चिटिक्क सफा, पात-पतिङ्गर विहीन देखिन्छ । गाउँलेहरू विश्वासले भन्छन्, "दैवी शक्ति हो !" केही वर्षअघि मदन भण्डारी लोकमार्ग निर्माण गर्ने क्रममा त्यो बरको रूख पनि सडकमा पर्ने भयो । सरकारी रेखाङ्कनले रूख कटान गर्ने निर्णय सुनायो । रूखको फेदमा चौतारोमा सडक ठेकेदारले सडक-सीमाको चिह्न लगाए । बरको रूख काटिने निर्णयको गाउँलेहरूले विरोध गरे । स्थानीयहरू मिलेर वडा कार्यालय र नगरपालिकामा निवेदन गरे, प्रतिनिधिमण्डल पठाए । तर पनि बरको रूख जोगाउन सकिने भएन । सडक रेखाङ्कन र सीमाङ्कनको निर्णय परिवर्तन गराउन सकिएन । यता चौतारामा सूचना टाँसिएको र मानिसहरूको चहलपहल बढेको देखेपछि बरको रूखमा बस्ने चराहरू पनि चासो राखेर हेर्न थालेका थिए । सिम्रही गाउँमा शमसेरसिंह नामका एकजना भूपू भारतीय लाहुरे पनि थिए । उनी भारतीय फौजमा कार्यरत रहँदा देहरादूनको टिग्री-गढवाल क्षेत्रमा तीन वर्ष पंक्षी संरक्षण विभागमा खटिएका थिए । पंक्षी संरक्षण विज्ञहरूसँगको संगतमा त्यहाँ रहँदा उनले चराहरूसँग संवाद गर्ने केही विधिहरू र चराका भिन्न-भिन्न आवाज सुनेर त्यसको अर्थ लगाउन सक्ने ज्ञान हासिल गरेका थिए । बाटो छेउको बरको रूख काटिने नै भएपछि उनले चराहरूको बिचल्ली नहोस्, बरु बेलैमा अरूतिर सरेर राम्ररी बसुन् भन्ने सोचले काग, सेता बकुल्ला, सुगा, सारौं र लाटो कोसेरोहरूलाई रूख काटिन लागेको कुरा सुनाइदिए ।

त्यस्तो कुरा सुनेर चराहरू दु:खी भए । साथै सबै चराहरूले आफूहरू पुस्तौंदेखि बसिआएको साझाघर-बरको रूख काट्न नदिन सक्दो आवाज उठाउने निर्णय पनि गरे । बरको रूख संरक्षण गर्नुपर्छ भन्ने शमसेरसिंहले चराहरूको सल्लाह बुझेका थिए । उनी मनमनै खुशी भए, तर कसैलाई केही भनेनन् । रूख काट्ने सूचनाअनुसारको दिन र समय उनले चराहरूलाई सुनाइदिए । रूख काट्ने दिन बिहानै ठेकेदार एक्स्काभेटर र रूख काट्ने मेसिन र कामदारहरूसहित आए । गाउँलेहरू पनि कोही विरोध गर्न वा कोही रमिता हेर्न भेला भए । कोही भन्दै थिए, "एउटा रूखकै लागि विकास रोकिनु हुँदैन !" अरू भन्दै थिए, "अलिक परबाटै बाटो घुमाए बरको रूख जोगिन्थ्यो !" कोही बेपर्वाहझैं थिए । बिहानैदेखि रूख छेउ-छाउ मानिसहरूको चहलपहल बढेको देखेर रूखमा बस्ने चराहरू चिच्याउन थाले । कागहरू कर्कश स्वरमा काँ-काँ गर्दै कराउन थाले । सेता बकुल्लाहरू, सारौंहरू, सुगाहरू कराउँदै उड्न-बस्दै गर्न थाले । लाटो कोसेरो पनि बिहानै गुँडबाट निस्केर उड्न थाले । आज सबै चराहरूको आवाज अनौठो जस्तो सुनिन्थ्यो । यो देखेर छेउको चिया पसलमा बसेर रमिता हेरिरहेका शमसेरसिंहले भने, "कागको यो आवाज उनीहरूका साथीहरूलाई खतराको सङ्केत दिने आपतकालीन भाषा हो । कागहरू केही गडबडीको सङ्केत गर्दैछन् । अरू चराहरूको पनि आवाज आज फरक छ ।" एकछिनमा ठूला-साना बथानका बथान काग, सारौं, सुगा, बकुल्ला बरको रूख वरिपरि जम्मा हुन थाले । चराहरूको आवाजको कोलाहल, उनीहरूको बिस्टा र गन्धले त्यहाँ उभिनै नसक्ने स्थिति बन्यो । रूख वरिपरि जमीन खन्ने र रूख काट्ने काम शुरू गर्न खोज्दा ठेकेदारको एक्स्काभेटरले स्टार्ट लिन मानेन । चालकले इन्धन, तार सबै जाँच गरे, तर पनि गाडी चलेन । उता रूखको फेदमा रूख काट्न गएका कामदारहरूले देखे - हजारौं चिल्ला, कालो कमिलाहरू रूखको जराभरि दुई फिट अग्लो तहमा फैलिएका थिए । ती कमिलाहरूले कामदारहरूलाई शरीरभरि टोकेर भाग्न बाध्य पारे । स्थानीयहरूले भने, "यस्ता कमिला यस क्षेत्रमै पहिले कहिल्यै देखिएका थिएनन् ।" त्यस्तै, एकै चोटि त्यति धेरै जातका चराहरू सँगै भेला भएको दृश्य पनि त्यस दिनसम्म कसैले देखेका थिएनन् । त्यहाँ भेला भएका मानिसहरू अचम्ममा परेका थिए । झट्ट हेर्दा रूख काट्ने कामको विरुद्ध प्रकृतिले विद्रोह गरिरहेझैं लागिरहेको थियो । धेरैलाई लाग्यो, "यो दैवी शक्ति हो ।" कतिपयले यसलाई, "संयोग मात्र हो," भने । एकाएक चराहरूको आवाज थामियो । एकछिन चकमन्न भयो । त्यो मौनतालाई चिरेर अचानक बरको फेदमा एक दिव्य, उज्यालोमय अर्धनारीश्वर स्वरूप प्रकट भयो । उपस्थित सबैले दिव्यवाणी सुने, "यो बरको रूख केवल रूख होइन । यो लोकका मानव, पशुपक्षी, जीवजन्तु र परलोकका हामी सम्पूर्ण प्राणीहरूको साझाघर हो, यसलाई नष्ट गर्न खोजे अनिष्ट हुनेछ । तसर्थ, यो बरको रूख जोगाउनु सबैको धर्म हो ।" यति सन्देश दिएर त्यो आकृति सानो हुँदै बरको जराभित्र चेपिएको शिलामा विलीन भयो । चराहरूले फेरि चिरबिर आवाजमा रमाइलो गरे, बाहिरबाट आएका चराका बथानहरू बिस्तारै पखेंटा फरफराउँदै बाटो लागे । कमिलाहरू लाइन लागेर जमीनभित्र पसे । त्यसपछि एकजना स्थानीय वृद्ध उभिएर बोले, "यदि यो रूख जोगाइने हो भने, म खुशीसाथ सडकका लागि आवश्यक पर्ने मेरो नम्बरी जमिन छोडिदिन्छु ।" सबैले तालीले स्वागत गरे । अन्ततः सडकको त्यो खण्डको नयाँ नक्सा तयार भयो, रूख बचाउँदै, सडक अलिकति घुमाएर बनाइयो । आज पनि सिम्रही गाउँको त्यो बरको रूख, सबैको साझाघर, सडकछेउ उभिएको छ– इतिहास र संरक्षणको सन्देश बोकेर, सडकमा दौडिने सवारीहरू हेर्दै र चराहरूको गीत सुन्दै ।

*-समकालीन साहित्य डटकम*

# आज विश्व शरणार्थी दिवस मनाइँदै




**पाल्पा,** असार ५/आज विश्व शरणार्थी दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । प्रत्येक वर्ष जुन २० मा मनाइने यो दिवस युद्ध, हिंसा, उत्पीडन, मानवअधिकार उल्लंघन तथा प्राकृतिक विपत्तिका कारण आफ्नो घरबार छाड्न बाध्य भएका शरणार्थीहरूको साहस, संघर्ष र योगदानको सम्मान गर्न समर्पित छ ।

सन् १९५१ मा जारी भएको शरणार्थी सम्बन्धी घोषणा पत्रको ५० वर्ष पुगेको सन्दर्भमा ४ डिसेम्बर २००० मा बसेको संयुक्त राष्ट्रसंघको साधारणसभाले २००१ जुन २० देखि विश्व शरणार्थी दिवस मनाउने निर्णय गरेको थियो । त्यसयता हरेक वर्ष शरणार्थी सम्बन्ध राष्ट्र संघीय उच्च आयोगको अगुवाईमा दिवस मनाउने गरिएको छ । विश्वभरी विस्थापित बढेको र सामाजिक परिवर्तनमा नाटकीय ढंगले परिवर्तन आइरहेको शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चआयोग यूएनएचसीआरले जनाएको छ । यूएनएचसीआर सहितका संघसंस्थाले विस्थापित र राज्यबिहीन नागरिकको पक्षमा आवाज उठाउँदै आएका छन् । अहिलेसम्म नेपालले शरणार्थी सम्बन्धी राष्ट्रसंघीय अभिसन्धीमा हस्ताक्षर पनि गरेको छैन र शरणार्थीलाई सम्बोधन गर्ने राष्ट्रिय कानुनसमेत बनाउन सकेको छैन । तर नेपालले तिब्बती र भुटानी शरणार्थीलाई बास दिएर व्यवस्थापनमा सहयोग गरेको छ । अहिले पनि नेपालमा २० हजारको हाराहारीमा तिब्बती शरणार्थी सहित सोमालिया, बंगलादेश, नाईजेरिया लगायतका देशका शरणार्थी छन् । यस वर्ष विभिन्न देश, अन्तर्राष्ट्रिय निकाय तथा मानवअधिकारसम्बन्धी संस्थाहरूले शरणार्थीहरूको संरक्षण, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसर सुनिश्चित गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन् । दिवसको अवसरमा आयोजित कार्यक्रमहरूमा शरणार्थीहरूको अवस्था सुधार गर्न अन्तर्राष्ट्रिय सहकार्य र ऐक्यबद्धता अझ सुदृढ बनाउन आह्वान गरिएको छ । (यूएनएचसीआर) का अनुसार विश्वभर करोडौं मानिसहरू जबरजस्ती विस्थापित जीवन बिताइरहेका छन् । उनीहरूलाई सुरक्षित आश्रय, आधारभूत सेवा तथा सम्मानजनक जीवनयापनको अवसर उपलब्ध गराउनु विश्व समुदायको साझा जिम्मेवारी भएको संस्थाले जनाएको छ । नेपालमा पनि शरणार्थीसम्बन्धी विभिन्न सरोकारवाला निकायहरूले दिवसको अवसरमा कार्यक्रम आयोजना गर्दै शरणार्थीहरूको अधिकार संरक्षण र मानवीय सहयोगलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । विश्व शरणार्थी दिवसले आफ्नो घर र समुदायबाट टाढा कठिन परिस्थितिमा जीवन बिताइरहेका लाखौं शरणार्थीप्रति सहानुभूति, सम्मान र ऐक्यबद्धताको सन्देश प्रवाह गर्ने विश्वास गरिएको छ ।

खेलकुद समाचार


## लगातार दोस्रो जीतसँगै मेक्सिको नकआउट



**काठमाडौं,** असार ५/फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'ए' मा घरेलु टोली मेक्सिकोले लगातार दोस्रो जित निकाल्दै नकआउट चरणमा स्थान सुरक्षित गरेको छ । शुक्रबार बिहान सम्पन्न खेलमा मेक्सिकोले दक्षिण कोरियालाई १-० गोल अन्तरले पराजित गर्दै अन्तिम १६ मा पुग्ने पहिलो टोली बनेको हो । खेलको ५०औँ मिनेटमा मिडफिल्डर लुइस रोमोले गरेको गोल नै निर्णायक बन्यो । दक्षिण कोरियाका गोलरक्षक किम सिउङग्युले नियन्त्रण गर्न नसकेको बल रोमोले खाली पोस्टमा सहज गोल गरेका थिए । दक्षिण कोरियाले खेलमा फर्किने प्रयास गरे पनि अन्तिम समयमा गोलरक्षक राउल राङ्गेल ले उत्कृष्ट बचाउ गर्दै टोलीको अग्रता जोगाए । कप्तान सोन ह्युङ-मिन को पहिलो हाफको प्रयास भने अफसाइडका कारण गोलमा परिणत हुन सकेन । यस जितसँगै मेक्सिको समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ। मेक्सिकोले अब समूह चरणको अन्तिम खेलमा चेक गणतन्त्रसँग प्रतिस्पर्धा गर्नेछ । त्यस्तै यसअघिका खेलमा क्यानडाले कतारलाई ६-० गोल । स्विट्जरल्यान्डले बोस्निया एन्ड हर्जगोभिनालाई ४-१ गोल अन्तरले पराजित गरेको छ । चेक गणतन्त्र र दक्षिण अफ्रिकाले १-१ को बराबरी खेल्दै अङ्क बाँडेका छन्।

अर्थ/कर्पोरेट समाचार

## नेप्से झिनो अङ्कले बृद्धि



**पाल्पा,** असार ५/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ६३ अङ्कले उकालो लागेर दुई हजार सात सय दुई दशमलव ११ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शुन्य दशमलव ३१ अङ्कले उकालो लागेर चार सय ६३ दशमलव ९८ मा पुगेको छ । कारोबार भएका आधारमा कूल ११६ कम्पनीको शेयर मूल्यमा बढोत्तरी भएको छ । यस्तै, १४० कम्पनीको शेयर मूल्य ओरालो लाग्दा १७ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कूल तीन सय ५३ कम्पनीको एक करोड नौ लाख २२ हजार पाँच सय २५ कित्ता शेयर रु चार अर्ब ५३ करोड ४९ लाख ८३ हजार पाँच सय ६८ मूल्यमा खरिद बिक्री भएका छन् ।


## कृषि ज्ञान केन्द्र पाल्पाको अनुरोध

- बिषादी प्रयोग गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस् ।
- तालिम प्राप्त र ईजाजतपत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस् ।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस् ।
-स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं ।
-कृषि अनुदानको सही सदुपयोग गरौं ।
-बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझनाब लिऔं ।
-कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

कृषि ज्ञान केन्द्र पाल्पा

जनहितमा जारी सन्देश

"पानी जीवन हो, खेर नफालौं ।"

–खानेपानी मुहानको संरक्षण गरौं ।
–आयोजनामा निर्माण भएका संरचनाहरूको सुरक्षा गरौं ।
–पानीको उचित सदुपयोग गरौं ।
–खेर गएको पानीलाइ करेसाबारीमा प्रयोग गरौं ।
–घरायसी, व्यक्तिगत र वातावरणिय सरसफाइमा जुटौं ।
–समय भित्र खानेपानी महसुल तिरौं, जरिवाना बाट बचौं ।
–इन्टेक, खानेपानी टंकी, धारा सधैं सफा राखौं ।
–वर्षातको समयमा पानी छानेर, उमालेर पिउने बानी बसालौं ।
–पानीको चुहावट बन्द गरौं ।

अनुरोधक

खानेपानी तथा सरसफाइ कार्यालय, पाल्पा

## यातायात व्यवस्था सेवा कार्यालय, पाल्पाको अनुरोध

- सीट क्षमता भन्दा बढी यात्रु राखेर सवारी साधन नचलाऔं ।
- सवारी साधनको कर समयमै बुझाउँ ।
- आफुले प्राप्त गरेको रुट भन्दा अन्यत्र जानुपर्दा रुट परमिट लिएर मात्र जाउँ ।
- जुन प्रयोजनको लागि सवारी दर्ता गरिएको हो सोही प्रयोजनका लागि मात्र सवारी प्रयोग गरौं ।
- सवारी साधन सम्बन्धी कर, नविकरण, रुट परमिट, नामसारी जस्ता कुनै पनि कार्यका लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा नै गई सो सम्बन्धी व्यवस्थाका विषयमा जानकारी लिउँ ।
- सवारी चालकले सिटबेल्ट लगाएर मात्र सवारी चलाउने गरौं
- सवारी साधन चलाउँदा मोवाइलमा कुरा गर्दै सवारी नचलाऔं ।
- मादक पदार्थ तथा लागु पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

यातायात व्यवस्था सेवा कार्यालय पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई